हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८३ साल असार ४ गते विहिवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | जयराम नेपाल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

प्रमाणित

मिति २०८३।०३।०४ गते

**मिति २०८३/०३/०४ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. नीति तथा कार्यक्रम २०८३ अनुमोदन सम्बन्धमा ।
३. आर्थिक विधेयक २०८३ अनुमोदन सम्बन्धमा ।
४. विनियोजन विधयक २०८३ अनुमोदन सम्बन्धमा ।
५. न्यायीक समितिको वार्षिक प्रतिवेदन २०८२/०८३ सम्वन्धमा ।
६. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका नीति तथा कार्यक्रमलाई अनुमोदन गर्दै १७ औं नगर सभामा स्विकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भई पेश भएका आर्थिक विधेयक अनुमोदन गर्दै स्विकृतीको लागि १७ औं नगर सभा समझ पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका विनियोजन विधेयक अनुमोदन गर्दै स्विकृतीको लागि १७ औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा न्यायीक समितिको देहाय अनुसारको वार्षिक प्रतिवेदन २०८२/०८३ लाई अनुमोदन गर्दै स्विकृतीको लागि १७ औं नगरसभामा समक्ष पेश गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | मुद्दाको नाम | आ.व. २०८२।०८३ मा दर्ता भएको संख्या | फर्छयौट मुद्दा संख्या | बाँकी मुद्दा |
|---|---|---|---|---|
| १ | जग्गा सम्वन्धी विवाद | ३८ | ३४ | ४ |
| २ | घरायसी विवाद | १५ | १० | ५ |
| ३ | बालीनाली नष्ट गरेको सम्वन्धी | २ | २ | ० |
| ४ | सार्वजनिक विवाद | ४ | ३ | १ |
| ५ | गाली बेईज्जती झुठो आरोप लगाएको | १ | १ | ० |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८३।०३।०४ गते

| | | | | |
|---|---|---|---|---|
| ६ | रुख कटान सम्वन्धी | १ | १ | ० |
| | जम्मा | ६१ | ५१ | १० |